सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

फैसला

०७६-NF-००११

मुद्दा : बैकिङ्ग कसुर।

जिल्ला कैलाली टिकापुर न.पा. वडा नं. १ बस्ने निर्मला सोडारी......................१ **पुनरावेदक प्रतिवादी**

विरूद्ध

गणेश रावलको जाहेरीले वादी नेपाल सरकार...१ **प्रत्यर्थी वादी**

यस अदालतको मिति २०७६।३।९ को फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम पुनरावलोकनको निवेदन परी सो उपर पुनरावलोकन अनुमति प्रदान भै पूर्ण इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

तथ्य खण्ड

१. मिति २०७३।०५।१४ गते मबाट नगद रु. १७,८५,०००।- (सत्र लाख पचासी हजार) र पुनः मिति २०७३।०५।१५ गते केही रकम पुगेन भनि रु.१,००,०००।- (एकलाख) गरी जम्मा १८,८५,०००।- (अठारलाख

पचासीहजार) लिई निज विपक्षीले आफ्नो नाउँको खाता नं. ०१११५२१३८१३ को सिद्धार्थ बैंक लि. शाखा कार्यालय टीकापुरबाट १७,८५,०००।- (सत्रलाख पचासीहजार) लिनु भनि मिति २०७३।१२।२९ गते चेक दिएकी र मिति २०७४।०६।०२ गते रु.१,००,०००।- (एकलाख) नेपाल एस.वि.आई. बैंक शाखा कार्यालय टीकापुरको चेक दिईएकोमा उक्त चेकहरु पटक–पटक बैंकमा गई साट्न खोज्दा खातामा पैसा नभएको भनी फिर्ता गरिदिएको र निजलाईसमेत जानकारी गराउँदा आनाकानी गर्ने, तेरो पैसा दिन्न भन्नेजस्ता शब्दहरुमा जवाफ दिई जानीजानी ठगी गर्ने मनसाय राखेका हुँदा कानूनबमोजिम कारवाही गरीपाउ भन्नेसमेत ब्यहोराको जाहेरी दरखास्त ।

२. जाहेरवाला गणेश कुमार रावल मेरो दिदीको श्रीमान् भिनाजु नाता लाग्दछन्।जाहेरवाला भिनाजु तथा निजकी श्रीमतीसंग मेरो लेनदेन कारोबार चलिआएको थियो।सोहीक्रममा २०७३ साल पौष महिनामा जाहेरवाला गणेश कुमार रावलकी श्रीमती मेरो दिदी नाता पर्ने दुर्गा रावलसँग ब्यापार व्यवसाय गर्न भनी केही रकमको आवश्यक्ता भएकोले केही सहयोग गरी दिनु पर्‍यो भनी कुराकानी गरे पश्चात निज दिदी दुर्गा रावलबाट ऋण सापटीवापत रु.१२,५०,०००।- (बाह्रलाख पचासहजार) लिएकी हुँ। उक्त रकम एक बर्षभित्र चुक्ता गर्नेगरी भाकासहितको तमसुकसमेत गरी लिएकी छु। सो रकम वापत मैले पटक–पटक ब्याजवापतको रकमसमेत दिई सकेकी छु।मैले लिएको ऋण सापटको रकम चुक्ता गरी दिन भनी २०७४ साल आश्विन महिनामा दिदी दुर्गा रावलका श्रीमान् निज जाहेरवाला मेरो घरमा आएको हुँदा ऋण सापट कट्टी हुने गरी मिति २०७४।०६।०२ गतेको मेरो नाममा रहेको खाताबाट नेपाल एस.वि.आई. बैंक लि. को चेकमा दस्तखत गरी दिएकी हुँ। जाहेरवालाले जाहेरी दरखास्तमा संलग्न गरेको सिद्धार्थ बैंक टीकापुरको मेरो नाममा रहेको खाताको चेक मैले दिएकी होईन।मैले कामको सिलसिलामा बाहिर जानुपर्ने भएकाले उक्त बैंकको चेकमा हस्ताक्षर गरी पसलको घर्‍मा

राखेको अवस्थामा निज जाहेरवाला गणेश कुमार रावलले म समेतलाई झुक्याई चेक लिई गएको र उक्त चेकमा आफुखुशी रकम र मिति उल्लेख गरी चेक अनादरसमेत गरेको कुरा हाल आएर मात्र थाहा पाएको हुँ। चेकमा उल्लेख गरेबमोजिमको रकम लिएकी होईन।पटक-पटक ब्याजवापतको रकमसमेत दिईसकेकी हुँदा मैले जाहेरवालाकी श्रीमतीलाई रु.१२,५०,०००।- (बाह्रलाख पचासहजार) मात्र चुक्ता गर्न बाँकी छ।ब्यापार ब्यवसाय बिग्रेका कारण मैले तिर्नुपर्ने रकम फिर्तागर्न सकेकी छैन। मेरो बैंक खातामा प्रर्याप्त रकम मौज्दात नभएको हुँदा मैले दिएको चेक अनादर भएको हो भन्नेसमेत ब्यहोराको प्रतिवादी निर्मला सोडारीको बयान।

३. प्रतिवादी निर्मला सोडारीले जाहेरवालाबाट ब्यापार प्रयोजनकोलागि आर्थिक समस्या देखाई म संगसमेत घर सल्लाह गरी ३ महिनाको भाकाराखी मिति २०७३।०५।१४ गते नगद रु.१७,८५,०००।- (सत्रलाख पचासीहजार) र पुनः ऐ.१५ गते १,००,०००।- (एकलाख) ऋण सापटी गरी जम्मा रु.१८,८५,०००।- (अठारलाख पचासीहजार) लिएको हो।सो पश्चात उक्त रकम भाका नाघीसक्दा समेत फिर्ता नदिए पश्चात जाहेरवालाले पटक–पटक रकम माग्न खोज्दा सम्पर्कबिहिन भई बस्दै आएकोमा प्रतिवादी निर्मला सोडारीले आफुले लगेको ऋण सापटी रकमको भुक्तानी लिन भनी मिति २०७३।१२।२९ मा रु.१७,८५,०००।- (सत्रलाख पचासीहजार) को सिद्धार्थ बैंक टीकापुर शाखाको र मिति २०७४।०६।०२ मा रु.१,००,०००।- (एकलाख) को नेपाल एस.वि.आई. बैंक लि. टीकापुर कैलालीमा आफ्नो नाममा रहेको खाताको चेक जाहेरवाला गणेश कुमार रावलले भुक्तानी लिने गरी चेक दिईएकोमा उक्त चेक सटही गर्न जाँदा खातामा रकम नै नभएको भनी चेक अनादर भईआएको अवस्थामा निज प्रतिबादीलाई खातामा रकम नै नभएको चेक दिईएको भनी जाहेरवालाले भन्दा उल्टै धाकधम्की दिनुका साथै तिम्रो पैसा दिन्न जे गर्न सक्छौ गर भनी हप्काई

पठाएको भनी जाहेरवालाबाट सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको टेकबहादुर रावलले गरी दिएको कागज।

४. प्रतिवादी निर्मला सोडारीले जाहेरवालाबाट ब्यापार प्रयोजनकोलागि आर्थिक समस्या देखाई ३ महिनाको भाकाराखी मिति २०७३।०५।१४ गते नगद रु.१७,८५,०००।- (सत्रलाख पचासीहजार) र पुनः ऐ.१५ गते १,००,०००।- (एकलाख) ऋण सापटी गरी जम्मा रु.१८,८५,०००।– (अठारलाख पचासीहजार) लिएको भन्ने जाहेरवालाबाटै सुनी थाहा पाएको हुँ । सो पश्चात उक्त रकम भाका नाघीसक्दासमेत फिर्ता नदिए पश्चात जाहेरवालाले पटक–पटक रकम माग्न खोज्दा सम्पर्क बिहिन भई बस्दै आएकोमा प्रतिवादी निर्मला सोडारीले आफुले लगेको ऋण सापटी रकमको भुक्तानी लिन भनी मिति २०७३।१२।२९ गते रु.१७,८५,०००।- (सत्रलाख पचासी जार) को सिद्धार्थ बैंक टीकापुरको र मिति २०७४।०६।०२ गते रु.१,००,०००।- (एकलाख) को नेपाल एस.वि.आई. बैंक लि. टीकापुर कैलालीमा आफ्नो नाममा रहेको खाताको चेक जाहेरवाला गणेश कुमार रावलले भुक्तानी लिनेगरी चेक काटीदिएकोमा उक्त चेक लगी निज जाहेरवाला सटही गर्नजाँदा खातामा रकम नै नभएको भनी चेक अनादर भई आएको अवस्थामा निज जाहेरवालाले खातामा रकम नै नभएको चेक किन दिएको भनी प्रतिवादीलाई भन्दा उल्टै धाकधम्की दिनुका साथै तिम्रो पैसा दिन्न जे गर्न सक्छौ गर भनी हप्काई पठाएको भनी जाहेरवालाबाट सुनी थाहा पाएको हुँ, भन्नेसमेत व्यहोराको राजपुत नर बहादुर शाहले गरीदिएको कागज ।

५. प्रतिवादी निर्मला सोडारीले जाहेरवालाबाट ब्यापार प्रयोजनको लागि ३ महिनाको भाकाराखी मिति २०७३।०५।१४ गते नगद रु.१७,८५,०००।- (सत्रलाख पचासीहजार) र पुनः ऐ.१५ गते १,००,०००।- (एकलाख) ऋण सापट गरी जम्मा रु.१८,८५,०००।- (अठारलाख पचासीहजार) लिएको कुरा मैले जानकारी पाएको थिए।सो पश्चात उक्त रकम भाका नाघीसक्दासमेत फिर्ता नदिए पश्चात जाहेरवालाले पटक–पटक रकम माग्न खोज्दा सम्पर्क बिहिन भई

बस्दै आएकोमा प्रतिवादी निर्मला सोडारीले आफुले लगेको ऋण सापट रकमको भुक्तानी लिन भनी मिति २०७३।१२।२९ गते रु.१७,८५,०००।- (सत्रलाख पचासीहजार) को सिद्धार्थ बैंक टीकापुरको र मिति २०७४।०६।०२ गते रु.१,००,०००।- (एकलाख) को नेपाल एस.वि.आई. बैंक लि. टीकापुर कैलालीमा आफ्नो नाममा रहेको खाताको चेक जाहेरवाला गणेश कुमार रावलले भुक्तानी लिनेगरी चेक काटीदिईएकोमा उक्त चेक लगी निज जाहेरवालाले सटही गर्नजाँदा खातामा पर्याप्त रकम नै नभएको भनी चेक अनादर भई आएको अवस्थामा निज प्रतिवादीलाई खातामा रकम नै नभएको चेक दिईएको भनी जाहेरवालाले भन्दा उल्टै धाकधम्की दिनुका साथै तिम्रो पैसा दिन्न जे गर्न सक्छौ गर भनी हप्काई पठाएको भनी जाहेरवालाबाट सुनी थाहा पाएको हुँ, भन्ने समेत व्यहोराको मोहन रावलले गरीदिएको कागज।

६. प्रतिवादीउपर परेको जाहेरी दरखास्त, सिद्धार्थ बैंक र एस.वि.आई. बैंकको पत्र, बुझिएका व्यक्तिहरुले गदिदिएको कागजसमेतका आधार प्रमाणहरुबाट प्रतिवादी निर्मला सोडारीले जाहेरवालाबाट ३ महिनाको भाका राखी जम्मा रू.१८,८५,०००।- (अठारलाख पचासीहजार) कर्जा सापटी लिएको र जाहेरवालाले सापटी रकम फिर्ता माग्दा आफ्नो नाममा सिद्धार्थ बैंक टिकापुर शाखामा रहेको खाता नं. ०१११५२१३८१३ बाट रु.१७,८५,०००।- र एस.वि.आई. बैंकमा आफ्नो नाममा सञ्चालन रहेको खाता नं.२२०१५२४३५००६५८ बाट रु.१,००,०००।- (एकलाख) को चेककाटी उक्त खातामा पर्याप्त मौज्दात रकम नभएको भनि जानीजानी चेक काटी दिएको भन्ने स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी निर्मला सोडारीको उक्त कार्य बैकिङ्ग कसूर तथा सजाय ऐन ,२०६४ को दफा ३ (ग) विपरितको कसूर अपराध गरेको देखिदा निज प्रतिवादी निर्मला सोडारीलाई सोही ऐनको दफा १५(१) नं. अनुसार बिगो रु.१८,८५,०००।-(अठारलाख पचासीहजार) बराबर जरिवाना र ३ महिना कैद सजाय गरी जाहेरवालाको बिगो रु.१८,८५,०००।- (अठारलाख पचासीहजार) समेत निज प्रतिवादी निर्मला सोडारीबाट

जाहेरवालालाई दिलाई भराई पाउन समेतको मागदावी लिईएको छ भन्ने समेत बेहोराको अभियोग पत्र।

७. मैले मिति २०७४।०६।०२ गते रु. १,००,०००/-(एकलाख) को एस.वि.आई. बैङ्क शाखा कार्यालय टिकापुरको चेककाटी जाहेरवाला गणेश कुमार रावललाई दिएकी हुँ, ऋण सापटी केही लिएकी थिइन।बरु मैले नै निजलाई सापटी दिन रु.१,००,०००।-को चेक दिएकी हुँ। सिद्धार्थ बैङ्कको रु. १७,८५,०००।- को चेकमा रहेको दस्तखत मेरै हो ।मैले नै गरेकी हुँ। त्यसमा लेखिएको लिखत चाहीं मैले लेखेकी होईन।त्यो खाली चेकमा कसले लेखे भन्ने जाहेरवालालाई नै थाहा होला।मैले सिद्धार्थ बैङ्कको मेरो खाताको चेक आफ्नो पसलमा राख्ने गर्थे।निज जाहेरवाला मेरा भिनाजु भएको र मेरो पसलमा आउने जाने गर्नुहुन्थ्यो।घर्राबाट कतिबेला चेक झिकेछन् मलाई थाहा भएन।सो कुरा मैले चेक अनादर मुद्दामा जाहेरी दिएपश्चात मात्रै थाहा पाएकी हुँ।स-सानो मनमुटाव भएकै कारण भिनाजुले त्यस्तो प्रपञ्च गरी झूक्याई चेक अनादर गरी मुद्दा दिएका हुन्।लेनदेन विषयबाट जाहेरी परेको होईन भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला सोडारीले मिति २०७५।०१।०५ गते उच्च अदालत दिपायलको महेन्द्रनगर इजलाससमक्ष गरेको बयान।

८. प्रतिवादीउपर बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) विपरीतको कसूर अपराधमा सोही ऐनको दफा १५(१) बमोजिम सजाय गरी बिगो रु.१८,८५,०००।- जाहेरवालालाई प्रतिवादीबाट दिलाई भराई पाउने र विगो बमोजिमको जरिवानाको मागदावी लिई अभियोग पत्र पेश भएको देखिन्छ।मिति २०७३।१२।२९ गतेको सिद्धार्थ बैङ्कको चेकबाट रु. १७,८५,०००।- गणेश कुमार रावलको नाममा प्रतिवादीले चेक काटीदिएको र मिति २०७४।०६।०२ गते रु.१,००,०००।- को चेक काटीदिएकोमा खातामा मौज्दात नभएको कारणबाट चेकको भुक्तानी नभएको देखिन्छ।उक्त दुवै थान चेकमा भएको सहीछापलाई आफ्नो हो भनी प्रतिवादीले स्वीकार गरी अदालत समक्ष बयान गरेको देखिन्छ।अनुसन्धानको क्रममा भएको बयानमा

१२ लाख ५० हजार लिएको तथ्य स्वीकार गरी आज अदालतको बयानमा रु. १ (एक) लाख लिएको भनी व्यक्त गरेको कुरा पेश भएको दसीप्रमाण (चेकहरु) बाट मेलखाएको देखिएन। पेश भएका चेकहरुमा भएको सहीछाप प्रतिवादीले आफ्नो हो भनी स्वीकार गरीआएको हुँदा यी प्रतिवादी तत्काल प्राप्त प्रमाणबाट कसूरदार होइनन् भन्ने विश्वास गर्ने मनासिव आधार नहुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी मुद्दा पूर्पक्षको लागि अ.बं. ११८ बमोजिम प्रतिवादी निर्मला सोडारीबाट नगद धरौट रु. १८,८५,०००।- (अठारलाख पचासीहजार) वा सो बाफतको बैङ्क ग्यारेन्टी वा जेथा जमानत दिए लिई मुद्दा पूर्पक्षको लागी तारेखमा राख्नू । दिन नसके कानून बमोजिमको थुनुवा पूर्जी दिई कारागार कार्यालय कञ्चनपुरमा थुनामा राख्न पठाई दिनु । अभियोग पत्रमा उल्लेखित वादी नेपाल सरकारको साक्षीहरु र प्रतिवादीको साक्षीहरु नियमानुसार बुझी पेशगर्नू, मिसिल संलग्न दसीका चेकहरु खामबन्दी गरी मिसिलसाथ राख्नू भन्नेसमेत व्यहोराको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७५।०१।०५ को आदेश।

९. प्रतिवादीले जाहेरवालालाई एस.वि.आई. बैङ्कको रु. १,००,०००।- (एकलाख) को चेक काटीदिएको ठिक हो ।सिद्धार्थ बैङ्कको चेक दिएको होइन। प्रतिवादी निर्मला सोडारीको होलसेल पसल छ, सो पसलमा ब्यापारीलाई दिन भनी राखेका चेकहरु निज जाहेरवालाले लगेको हुनसक्छ। जाहेरवालाबाट प्रतिवादीले रु.१ लाखमात्र ५,६ महिनापछि फिर्ता गर्नेगरी लिएकी हुन्, बाँकी सबै झुठ्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी नविन कार्कीले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलाससमक्ष मिति २०७५।०२।१३ मा गरेको बकपत्र ।

१०. प्रतिवादी निर्मला सोडारी साली नाता लाग्ने र व्यापार व्यवसाय समेत चलाई रहेकीले विश्वासमा परी एकपटक १७,८५,०००।- र अर्कोपटक रु.१,००,०००।- दिएको थिएँ। भाखामा पैसा फिर्ता भएन, पटक पटक घरमा बोलाई छलफल गर्दासमेत पैसा फिर्ता गर्न मानेन, पछि आफ्नो खातामा रकम नभएको चेक काटी मलाई दिएको र सो चेक साटन भनी सम्बन्धीत बैङ्कमा

जाँदा चेक साटिएन, बाउन्स भयो। अनी जाहेरी गरेको हुँ भन्नेसमेत व्यहोराको जाहेरवाला गणेश कुमार रावलले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा मिति २०७५।०२।१३ गतेमा गरेको बकपत्र।

११. आपसमा परिचित ब्यक्तिका बिचमा भएको लेनदेन ब्यबहार, विगो रकम र वारदातको प्रकृतिलाई हेर्दा ठहरेबमोजिमको कसूरमा निजलाई १ (एक) महिनासम्म कैद गर्नुमै कानूनको मकसद पुरा हुने देखिन्छ ।विगोबमोजिम जरिवाना हुने भन्ने ऐनको दफा १५ को उपदफा (१) को ब्यबस्था अनुसार नै निजलाई जरिवाना हुने र जाहेरवालाले आफ्नो बिगो निजबाट भराई लिन पाउने समेत देखिन्छ। प्रतिवादी निर्मला सोडारीले अभियोग दावी बमोजिम बैङ्किङ्ग कसूर गरेको देखिएकोले निजलाई बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को देहाय (ग) को कसूरमा सोही ऐनको दफा १५ को उपदफा (१) बमोजिम १(एक) महिना कैद तथा रु.१८,८५,०००/- (अठारलाख पचासीहजार) जरिवाना हुने र जाहेरवाला गणेश रावलले सोबमोजिमको विगो प्रतिवादीबाट भराई पाउने ठहर्छ भन्ने शुरु उच्च अदालत दिपायल महेन्द्रनगर वाणिज्य इजलासको मिति २०७५/०३/२७ को फैसला।

१२. विपक्षीको श्रीमतीसंग मैले १२ लाख ५० हजार दिन बाँकी छ भनी तमसुक गरिदिई ब्याजसमेत बुझाएकी छु । मैले जाहेरवालालाई १ लाखको एस.वि.आई. बैंकको चेक दिएको हो, १७ लाख ८५ हजारको सिद्धार्थ बैकको चेकको लिखत मेरो होईन । म माथि लगाईएको अभियोग बैंकिंग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर होईन । बैंकबाट रकम भूक्तानी भएको अवस्थासमेत छैन । मलाई लगाईएको अभियोग बैंकिंग कसूर तथा सजाय ऐनको प्रस्तावना र मर्म विपरीत छ । चेक विनिमय अधिकारको दस्तावेज हो । खातामा रकम जम्मा नभईकन भूक्तानी नभएको खण्डमा धारकले सो बाउन्स चेक दिने व्यक्तिउपर विनिमेय अधिकार ऐन अन्तर्गतको कारवाही चलाउन पाउने गरी विनिमय अधिकारपत्र ऐन, २०३४ ले गरेको व्यवस्थालाई बैंकिंग कसूर तथा सजाय ऐनले खारेज नगरी यथावत नै राखेकोले सो ऐन यथावत

रहंदा रहँदै बाउन्स चेक दिएकै आधारमा बैंकिंग कसूर भयो भन्ने अवस्थासमेत हुने होईन । विवादीत चेकमा भएको दस्तखत मेरो भएपनि सो भित्रको लिखत मेरो होईन । भिडाई हेरेमा सद्देकिर्ते समेत थाहा हुन्छ । सद्देकिर्तेको छानविन नै गरिएन । झुठा कथनका आधारमा फरेब गरी दिएको जाहेरी र लाग्नै नसक्ने कानूनबमोजिम मलाई कसूरदार ठहर गरेको उच्च अदालत दिपायल महेन्द्रनगर इजलासको फैसला उल्टी गरी आरोपित कसूरबाट सफाई दिलाईपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला सोडारीले यस अदालतमा पेस गरेको पुनरावेदनपत्र।

१३. बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ मा मिति २०७३/०६/१८ मा भएको संशोधित व्यवस्थाको प्रयोग गरी सो मिति पूर्व मिति २०७३/०५/१५ मा चेक काटिदिएको विषयमा कारबाही चलाएको र सजाय भएको तथा वादी नेपाल सरकार र प्रतिवादी दुर्गा कार्की भएको ०६८-CR-०७२३ को मुद्धामा यस अदालतबाट मिति २०७२/०४/२० मा फैसला गर्दा अपनाईएको सिद्धान्त समेतका दृष्टीले हेर्दा उच्च अदालत दिपायल महेन्द्रनगर इजलासको मिति २०७५/०३/२७ को फैसला प्रमाण मूल्यांकनको दृष्टिलेसमेत विचारणीय देखिएको भनी यस अदालतबाट मिति २०७५/११/२६ मा विपक्षी झिकाउने गरी आदेश भएको ।

१४. यसरी व्यक्ति व्यक्तिका बीचमा विनिमेय अधिकारपत्र ऐन, २०३४ अन्तर्गत चल्न योग्य भई कसूर स्थापित भएको अवस्थामा धारकले व्याजसमेत भराई लिन पाउने व्यवस्थालाई नजरअन्दाज गरी प्रस्तुत मुद्दा सरकारवादी फौजदारी मुद्दा अन्तर्गत नै चल्दछ भनी मान्न सकिने अवस्था नदेखिंदा प्रतिवादी निर्मला सोडारीले अभियोगदावी बमोजिम बैंकिङ्ग कसूर गरेको देखिएकोले निजलाई बैङ्किङ्ग कसूर तथा सजाय ऐन २०६४ को दफा ३ को देहाय (ग) को कसूरमा सोही ऐनको दफा १५ को उपदफा (१) बमोजिम १ (एक) महिना कैद तथा रु. १८,८५,०००।- (अठार लाख पचासीहजार) जरिवाना हुने र जाहेरवाला गणेश कुमार रावलले सो बमोजिमको विगो प्रतिवादीबाट भराई लिन पाउने

ठहऱ्याई भएको शुरु उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भै प्रतिवादी निर्मला सोडारीउपर लगाइएको अभियोगदावी खारेज हुने ठहर्छ भन्ने बेहोराको मिति २०७६।३।९ गतेको यस अदालतको संयुक्त इजलासको फैसला।

१५. सम्मानित अदालतबाट प्रस्तुत मुद्दा फैसला हुँदा विवादित कसूर विनिमेय अधिकार पत्र ऐन २०३४ को दफा १०७(क) द्वारा परिभाषित तथा दुर्गा कार्की समेत प्रतिवादी भएको (नेकाप २०७२ अंक ८ नि.न ९४५२) मुद्दामा प्रतिपादित सिद्धान्त अनुसार हुने भनी अभियोग पत्र दावीलाई खारेज गरिएको छ। उक्त नि.नं. ९४५२ को मुद्दामा प्रतिपादित सिद्धान्त बैकिङ्ग कसूर तथा सजाय ऐन २०६४ को पहिलो संशोधन (२०७३।०६।१८) पुर्वको वारदात र बैकिङ्ग कसूर तथा सजाय ऐन २०६४ को तत्कालिन दफा ३(ग) मा भएको "आफुले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी भुक्तानी लिन वा दिन नहुने" भन्ने कानूनी प्रावधान हुँदा प्रतिपादित सिद्धान्त हो। खातामा मौज्दात नहुँदा नहुँदै चेक काटी बैंकलाई झुक्याई भुक्तानी लिने दिने सम्मको कार्य नहुँदासम्म उल्लेखित ऐनको तत्कालिन दफा ३(ग) अनुसारको अपराध नहुने व्याख्या उक्त मुद्दामा भएको र त्यस्तो कसूर विनिमेय अधिकार पत्र ऐन २०३४ को दफा १०७(क) को परिभाषा भित्र पर्छ भन्ने आधारमा अभियोग पत्र दावी खारेज गरेको अवस्था हो। बैकिङ्ग कसूर तथा सजाय ऐन २०६४ को दफा ३(ग) मा भएको पहिलो संशोधनले आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटी धारकलाई दिनेलाई कसूर मानेको र प्रतिवादीले उक्त दफाले निषेध गरेको कार्य गरेको हुँदा प्रस्तुत फैसला सोही नि.नं. ९४५२ को मुद्दामा प्रतिपादित सिद्धान्तको प्रतिकूल छ।प्रस्तुत मुद्दामा भएको सम्मानित अदालतको फैसलामा बैकिङ्ग कसूर तथा सजाय ऐन २०६४ दफा ३(ग) र विनिमेय अधिकार पत्र ऐन २०३४ को दफा १०७क ले कसूर मानेको र पीडितको हक सुरक्षित गर्ने व्यवस्था विनिमेय अधिकार पत्र ऐनको दफा १०७क ले गरेको भन्ने आधारमा उक्त ऐन

आकृष्ट हुने भनी गरिएको व्याख्या सम्मानित अदालतबाट यस अघि यस्तै प्रकृतिका मुद्दामा प्रतिपादित सिद्धान्तको प्रतिकूल छ। विधिकर्ताद्वारा निर्मित कानून एक आपसमा बाझिएको स्थितिमा जुन कानून पछिल्लो छ त्यो लागु हुने विधिशास्त्रीय सिद्धान्त र मान्यता रहेको भनी ने.का.प. ०६७ अंक ७ नि.नं. ८४२१ को जिउ मास्ने बेच्ने तथा डाँका मुद्दामा सम्मानित अदालतबाट सिद्धान्त प्रतिपादिन भएको छ। प्रस्तुत फैसला उक्त सिद्धान्त विपरित देखिन्छ। पछि बनेका ऐनले अघि बनेका कानूनका के-कस्ता दुस्कृति मेटाउन खोजेको छ भन्ने कुरा पनि न्यायकर्ताले हेर्नु पर्ने देखिन्छ। बैकिङ्ग कसूर तथा सजाय ऐन २०६४ ले कुनै व्यक्तिले जानी जानी आफ्नै खातामा चेकले खाम्ने रकम मौज्दात नहुँदा नहुँदै चेक काटी धारकलाई बैंक प्रवेश गराउँछ भने त्यस्तो कार्यले बैकिङ्ग तथा वित्तिय प्रणाली प्रतिको अविश्वनियता पैदा गराई बैकिङ्ग प्रणाली प्रतिको विश्वसनियतामा आममानिसमा प्रश्न चिन्ह खडा गराउने हुँद त्यस्तो कार्यलाई अपराधिकरण गरेको अवस्था हो। फौजदारी कानूनको व्याख्या गर्दा Strict construction को नियम अवलम्बन गरिने स्थापित मान्यता रहेको छ।प्रस्तुत मुद्दामा बैकिङ्ग कसूर तथा सजाय ऐन अन्तर्गत फौजदारी कसूर भएको कुरा मिसिल प्रमाणबाट प्रष्ट देखिन्छ। वस्तुतः विशिष्ट ऐन मध्ये कुन आकर्षित हुने भन्ने कुरालाई ऐनको उद्देश्य र त्यसले समेटेको क्षेत्रको आधारमा हेरी निर्णय निष्कर्षमा पुग्नुपर्ने हुन्छ। अर्थात दुईवटा ऐनहरु एउटै उद्देश्यबाट बनेका छन् वा तिनका व्यवस्था एउटै विषयसँग सम्बन्धित छन भने विधायिकाको पछिल्लो इच्छालाई जसले समेट्छ सो ऐन नै आकर्षित हुन्छ भनी सम्मानित सर्वोच्च अदालतबाट वादी नेपाल सरकार प्रतिवादी लक्ष्मी प्रसाद आचार्य समेत भएको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने मुद्दा ने.का.प. २०७४ अंक ४ नि.नं. ९७९८ मा सिद्धान्त प्रतिपादित छ। प्रस्तुत फैसला उक्त सिद्धान्त प्रतिकुल रहेको देखिन्छ।सम्मानित सर्वोच्च अदालतबाट वादी नेपाल सरकार प्रतिवादी विमल कुमार थापासमेत भएको भ्रष्टाचार मुद्दा (ने.का.प. ०६२ अंक ५ नि.नं. ७५३४ पूर्ण इजलास) मा कानूनले दुईवटा

बाटो अवलम्बन गरेको रहेछ भने मर्का पर्ने वा कारवाही गर्न अधिकार प्राप्त निकायले जुन ऐनको सजाय मागदावी गर्न उपयुक्त ठान्दछ सोही अनुसार दावी गर्न पाउने व्याख्या गरिएको छ। उक्त मुद्दामा देवानी र फौजदारी प्रकृतिको छुट्टैछुट्टै नालेश लिनुपर्नेमा एउटै लिएको अवस्थामा एउटा दावी रोज्ने पाउने वाहेक अदालतलाई दावीभन्दा बाहिर गएर अर्को ऐनको बाटो अपनाउनु पर्ने भनी निर्णय गर्दा कानूनी व्यवस्थाको समेत त्रुटी हुने भनी प्रष्ट न्यायिक सिद्धान्त स्थापित भएकोमा मर्का पर्ने पक्ष अर्थात पीडित र कारवाही गर्न अधिकार प्राप्त निकाय अर्थात नेपाल सरकारले बैकिङ्ग कसूर तथा सजाय ऐनको कसूरमा सजाय मागदावी लिई मुद्दा दायर गरेको अवस्थामा उक्त प्रतिपादित सिद्धान्त विपरित प्रस्तुत मुद्दामा भएको संयुक्त इजलासको फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित पूर्व नजिर/कानूनी सिद्धान्तसँग बाझिएको देखिँदा उक्त फैसला पुनरावलोकन गर्न निस्सा प्रदान भै उक्त फैसलालाई पुनरावलोकनको रोहमा बदर गरी उच्च अदालत दिपायल महेन्द्रनगर इजलासबाट अभियोग दावी बमोजिम भएको फैसला सदर गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट संयुक्त ईजलासको फैसला उपर पुनरावलोकनका लागि यस अदालतमा परेको निवेदन पत्र।

१६. यसमा प्रतिवादी निर्मला सोडारी उपर बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को अभियोग लगाई ऐ. ऐनको दफा १५(१) को सजाय माग भएकोमा निजले बैकिङ्ग कसूर गरेको ठहऱ्याई १ महिना कैद तथा रु. १८,८५,०००।- जरिवाना हुने र जाहेरवाला गणेश कुमार रावलले निज प्रतिवादीबाट विगो भराई पाउने ठहऱ्याई उच्च अदालत दिपायल महेन्द्रनगर, इजलासबाट फैसला भएको देखिन्छ। उक्त फैसला उपर प्रतिवादीको पुनरावेदन परेकोमा यस अदालतको संयुक्त इजलासबाट व्यक्ति व्यक्ति बीचमा विनिमय अधिकारपत्र ऐन, २०३४ अन्तर्गत चल्न योग्य भई प्रस्तुत मुद्दा सरकारवादी फौजदारी मुद्दा अन्तर्गत चल्दछ भनी मान्न सकिने अवस्था

नदेखिएको भनी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला उल्टी भई प्रतिवादी निर्मला सोडारी उपर लगाइएको अभियोग दावी खारेज हुने ठहऱ्याई फैसला भएको देखियो। बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा २(ख) मा बैकिङ्ग कसूर भन्नाले परिच्छेद-२ बमोजिमको कसूर सम्झनु पर्छ भनी बैकिङ्ग कसूरको परिभाषा गरेको तथा परिच्छेद-२ को दफा ३(ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटी दिने कार्यलाई बैकिङ्ग कसूर मानी ऐ. ऐनको दफा १५(१) मा कसैले दफा ३ बमोजिमको कुनै कसूर गरेमा बिगो खुलेकोमा बिगो भराई विगो बमोजिम जरिवाना र तीन महिनासम्म कैदको सजाय हुने व्यवस्था गरेको र ऐ. ऐनको दफा १८ ले बैकिङ्ग कसूर मुद्दा सरकारवादी हुने व्यवस्था गरेको देखिन्छ। विधायिकाले कुनै कार्यलाई कसूरको रुपमा परिभाषित गरी दण्ड सजायको निर्धारण समेत गरेको आधारमा पर्न आएको अभियोगपत्रमा सिमित रही प्रस्तुत भएको सबुद प्रमाणको विवेचनाबाट प्रतिवादी उपरको आरोपित कसूर प्रमाणित हुने नहुने, वादी दावी पुग्न सक्ने नसक्ने भन्ने कुरामा अदालतले निर्णय निरुपण गर्नुपर्दछ। विधायिकाको मनसाय कुण्ठित हुने गरी विधायिकी कानूनको औचित्य उपर प्रश्न उठाई कानून बमोजिम दायर हुन आएको अभियोगदावी खारेज गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।३।९ मा भएको फैसलामा यस अदालतको पूर्ण इजलासबाट ने.का.प. २०६२ अंक ५ नि.नं. ७५३४ को पुनरावेदक वादी राष्ट्रिय वाणिज्य बैंकको पत्रले श्री ५ को सरकार विरुद्ध प्रत्यर्थी प्रतिवादी विमलकुमार थापा समेत भएको भष्ट्राचार मुद्दामा प्रतिपादित सिद्धान्त प्रतिकूल देखिंदा न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्न अनुमति प्रदान गरिएको छ। नियमानुसार गरी पेश गर्नू भन्ने यस अदालतको मिति २०७६।५।५ को आदेश।

ठहर खण्ड

१७. नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला र विद्वान सहन्यायाधिवक्ता श्री शंकर खत्रीले बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ सालमा प्रचलनमा आईसकेपछि पनि यस्तै विवाद कायमै रहेको , पीडित पक्षहरु पटक पटक पीडित भई रहने र निजहरुले प्रभावकारी उपचार पाउनबाट बञ्चित भई रहने गरेको कारण बैंकिङ्ग कसूर र सजाय ऐन, २०६४ को पहिलो संशोधन २०७३।६।१८ बाट यस सम्बन्धी विषयलाई साविक सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गत राखी संशोधन गरिएको हो। यसमा पुनरावेदक प्रतिवादीले सो संशोधित व्यवस्थालाई गैर कानूनी भनी बदर माग गर्न सक्नु भएको छैन र सम्मानित अदालतको डिभिजन बेञ्चबाट पनि सो व्यवस्थालाई पूर्णतः गैर कानूनी भनी बदर गर्न सक्ने अवस्था छैन र बदर पनि गरिएको छैन। यस्तो अवस्थामा सम्मानित अदालतबाट खातामा रकम नभएको जानी जानी चेक काटेको कार्य सो ऐन अन्तर्गतको कसूर हो वा होइन भनी मात्र बोल्नुपर्नेमा अन्यथा गरेको प्रस्तुत फैसला स्वतः त्रुटिपूर्ण भई बदरभागी छ। कानूनको सामान्य सिद्धान्त बमोजिम भिन्न भिन्न कानूनले भिन्न भिन्न व्यवस्था गरेकोमा सो कानून बमोजिम उपचार माग्न जाँदा पक्षले उपयुक्त विकल्प रोज्न सक्दछ। पक्षले रोजेको विकल्पलाई अदालतले अन्यथा गर्नु सर्वथा पक्षको हित विपरित हुनु जान्छ। प्रस्तुत सन्दर्भमा पीडित पक्षले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तर्गतको अनुसूची १ भित्र पर्ने भनी सोही बमोजिम जाहेरी लिई सम्बन्धित निकायमा प्रवेश गरेकोमा लामो समयावधि पछि आएर निजको साम्पत्तिक अधिकारमा असर पार्ने र विद्यमान कानून नै निष्कृय हुने गरी संयुक्त इजलासबाट भएको फैसला कानूनको मान्य सिद्धान्त तथा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६२, अंक ५, नि.नं. ७५३४ को पुनरावेदक वादी राष्ट्रिय वाणिज्य बैंकको पत्रले श्री ५ को सरकार विरुद्ध प्रत्यर्थी प्रतिवादी

विमल कुमार थापा समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिपादित सिद्धान्त समेतको विपरित रही त्रुटिपूर्ण रहेकोले बदर गरी शुरु उच्च अदालत दिपायलको मिति २०७५।३।२७ को फैसला सदर गरि पाउन सादर अनुरोध छ भनी बहस प्रस्तुत गर्नुभयो।

१८. प्रतिवादी निर्मला सोडारीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री शिवप्रसाद सिग्देल, विद्वान अधिवक्ता श्री उज्जल रायमाझी र विद्वान अधिवक्ता श्री निर्मला के.सी.ले फौजदारी कसूर लागेका अन्य मुद्दाहरुको रोहमा समेत कसूरको अवस्था र कानुनको प्रयोगको दृष्टिकोणबाट विवेचना गरी ठगी मुद्दालाई लेनदेन, कर्तव्य ज्यान मुद्दालाई ज्यान मार्ने उद्योग, ज्यान मार्ने उद्योग मुद्दालाई कुटपिट मुद्दामा परिणत गर्ने गरी सिद्धान्त कायम भै रहेको अवस्था हुँदा बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत कसूर कायम गरी सम्मानित अदालत तथा उच्च अदालतहरुमा विचाराधीन मुद्दाको सन्दर्भमा समेत विज्ञ इजलासले विचार पुऱ्याउनु पर्ने अवस्था भएकाले विचाराधीन मुद्दालाई विनिमेय अधिकार पत्र ऐन बमोजिमको दावी कायम रहन सक्ने गरी न्याय निरोपण हुन न्याय संगत हुने हुँदा प्रस्तुत मुद्दाकै रोहबाट निर्देशानात्मक आदेश जारी हुन सादर अनुरोध छ। सम्मानित सर्वोच्च अदालत संयुक्त इजलासबाट विनिमेय पत्र (चेक अनादर) सम्बन्धमा बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ आकर्षित हुने चेक अनादर सम्बन्धी मुद्दा विनिमेय अधिकार पत्र ऐन, २०३४ अनुरुपनै आउनुपर्ने भनी सर्वपक्षीय हित अनुकुल हुने गरी भएको मिति २०७६।३।९ को फैसला कानुन, नजीर सम्मत र न्यायिक हुँदा सदर गरी वादी नेपाल सरकारको पुनरावलोकनको निवेदन जिकिर खारेज हुनु आवश्यक छ। बैंकिङ्ग कसूर तथा सजाय ऐनको दफा ३ र ३(ग) मात्र हेरेर पनि हुँदैन, जसको लागि व्यक्तिले अन्य व्यक्तिलाई चेक काटी दिएकोमा बैकिङ्ग कसूर ऐनको दफा ५ को (क) मा भएको व्यवस्था अनुसार खातामा पर्याप्त रकम नभएको अवस्थामा पनि "अनधिकृत रुपमा अन्य व्यक्तिको खाताबाट रकम निकाल्न" हुँदैन भन्ने व्यवस्थाले पनि बैकिङ्ग कसूर हुनको लागि बैंक वा वित्तीय

संस्थालाई असर परेको वा जोखिम भएको स्थिति हुनुपर्दछ। बैकिङ्ग कसूर ऐन, २०६४ को शुरु देखि अन्त्य सम्म एक ठाउँमा पनि चेक अनादरको शब्द छैन र पुरै उक्त ऐनमा बैंक तथा वित्तीय संस्थाको संरक्षणको मात्र उल्लेख छ। तर विनिमेय अधिकार पत्र ऐन, २०३४ को धेरै दफाहरुमा अनादरको विषय उल्लेख भएको छ। यस तर्फ दृष्टि दिँदा पनि व्यक्ति व्यक्ति विचमा चेक काटी दिने र लिने व्यवस्था केवल विनिमेय अधिकार पत्र ऐन, २०३४ अनुसार पर्दछ। बैकिङ्ग कसूर ऐन, २०६४ अनुसार पर्दैन। प्रस्तुत मुद्दाको विषय केवल विनिमेय अधिकार पत्र ऐन २०३४ को मात्र विषय भएको दुईवटा ऐनले पारेको अन्यौलता हटाउनुका साथै सम्मानित सर्वोच्च अदालतमा पर्ने मुद्दाको चापलाई न्यून गर्न पनि स्पष्टता हुनु जरुरी छ। प्रस्तुत मुद्दामा सम्मानित सर्वोच्च अदालत पूर्ण इजलासबाट व्याख्या सहित संयुक्त इजलासको फैसला सदर गरी पाउन सादर अनुरोध छ भनी बहस प्रस्तुत गर्नुभयो।

१९. वादी नेपाल सरकारका तथा प्रतिवादी निर्मला सोडारीको तर्फबाट उपस्थित कानून व्यवसायीहरुको बहस सुनी मिसिल संलग्न प्रमाण कागजातहरुको अध्ययन गरी हेर्दा निम्न विषयमा निर्णय दिनुपर्ने देखियोः

क) यस अदालत संयुक्त इजलासको मिति २०७६।३।९ को फैसला मिले, नमिलेको के रहेछ?

ख) वादी नेपाल सरकारको पुनरावलोकन जिकिर पुग्न सक्ने हो होइन?

२०. निर्णय तर्फ विचार गर्दा यसमा प्रतिवादी निर्मला सोडारीले जाहेरवालाबाट ३ महिनाको भाखा राखी जम्मा १८,८५,०००।- (अठार लाख पचासी हजार) कर्जा सापटी लिएको र जाहेरवालाले सापटी रकम फिर्ता माग्दा आफ्नो नाममा सिद्धार्थ बैंक टिकापुर शाखामा रहेको खाता नं. ०१११५२१३८१३ बाट रु. १७,८५,०००।— (सत्र लाख पचासी हजार) र नेपाल एस.बि. आई. बैंकमा आफ्नो नाममा संचालनमा रहेको खाता नं. २२०१५२४३५००६५८ बाट रु. १,००,०००।— (एक लाख) को चेक काटी उक्त खातामा पर्याप्त मौज्दात

रकम नभएको भनी जानी जानी चेक काटी दिएकोले प्रतिवादी निर्मला सोडारीलाई बैकिङ्ग कसूर तथा सजाय ऐनको दफा ३(ग) को कसूरमा सोही ऐनको दफा १५(१) बमोजिम बिगो बमोजिम जरिवाना र ३ महिना कैद सजाय गरी जाहेरवालाको विगो समेत प्रतिवादीबाट भराई पाउँ भनी वादी नेपाल सरकारको अभियोग पत्र परेकोमा प्रतिवादी निर्मला सोडारीले अभियोग दावी बमोजिम बैंकिङ्ग कसूर गरेको देखिएकोले निजलाई बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को देहाय (ग) को कसूरमा सोही ऐनको दफा १५ को उपदफा (१) बमोजिम १ महिना कैद तथा रु. १८,८५,०००।— (अठार लाख पचासी हजार) जरिवाना हुने र जाहेरवाला गणेश रावलले सो बमोजिमको विगो प्रतिवादीबाट भराई पाउने ठहर्छ भनी उच्च अदालत दिपायल महेन्द्रनगर इजलासबाट फैसला भएको देखिन्छ। सो फैसला उपर चित्त नबुझी निज निर्मला सोडारीले पुनरावेदन गर्दा विपक्षीको श्रीमतीलाई मैले १२ लाख ५० हजार दिन बाँकी छ भनी तमसुक गरिदिई ब्याज समेत बुझाएकी छु, मैले जाहेरवालालाई रु. १ लाखको नेपाल एस.बि.आई. बैंकको चेक दिएको हो, १७ लाख ८५ हजारको सिद्धार्थ बैंकको चेकको लिखत मेरो होइन, म माथि लगाइएको अभियोग बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर होइन, विवादीत चेकमा भएको दस्तखत मेरो भएपनि सो भित्रको लिखत मेरो होइन, सद्दे किर्तेमा छानबिन नै गरिएन, झुठ्ठा कथनको आधारमा फरेव गरी दिएको जाहेरी र लाग्नै नसक्ने कानून बमोजिम मलाई कसूरदार ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला उल्टी गरी आरोपित कसूरबाट सफाई पाउँ भनी यस अदालतमा पुनरावेदन परेको देखिन्छ। उक्त पुनरावेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।०३।०९ मा फैसला हुँदा व्यक्ति बीचमा विनिमेय अधिकार पत्र ऐन, २०३४ अन्तर्गत मुद्दा चल्न योग्य भई कसूर स्थापित भएको अवस्थामा धारकले व्याजसमेत भराई लिन पाउने व्यवस्थालाई नजरअन्दाज गरी प्रस्तुत मुद्दामा सरकारवादी फौजदारी मुद्दा अन्तर्गत नै चल्छ भनी मान्न सकिने अवस्था नदेखिँदा प्रतिवादी निर्मला

सोडारीले अभियोग दावी बमोजिम बैकिङ्ग कसूर गरेको देखिएकोले निजलाई १ महिना कैद तथा रु. १८,८५,०००।– (अठार लाख पचासी हजार) जरिवाना हुने र जाहेरवाला गणेशकुमार रावलले सो बमोजिमको विगो प्रतिवादीबाट भराई लिन पाउने ठहऱ्याई भएको शुरु उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला उल्टी भै प्रतिवादी निर्मला सोडारी उपर लगाइएको अभियोगदावी खारेज हुने ठहर्छ भनी उल्लेख भएको देखियो।संयुक्त इजलासको मिति २०७६।०३।०९को फैसला सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६२ अंक ५ नि.नं. ७५३४ मा प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल रहेकोले उक्त फैसला पुनरावलोकन गर्न अनुमति प्रदान गरी पुनरावलोकनको रोहबाट उक्त फैसला बदर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला सदर गरी पाउँ भनी वादी नेपाल सरकारको निवेदन परेको र यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।३।९ मा भएको फैसला यस अदालतको पूर्ण इजलासबाट ने.का.प. २०६२ अंक ५ नि.नं. ७५३४ मा प्रतिपादित सिद्धान्त प्रतिकूल देखिँदा न्याय प्रशासन ऐन २०७३ को दफा ११(२)(ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरि हेर्न अनुमति प्रदान गरिएको छ भनी यस अदालतबाट मिति २०७६।५।५ मा आदेश भै प्रस्तुत मुद्दा निर्णयार्थ पेश हुन आएको देखियो।

२१. अब, यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।०३।०९मा फैसला हुदाँ प्रकरण २३ मा " **प्रतिवादी निर्मला सोडारीको एस.बि.आई. बैक र सिद्धार्थ बैंकलाई दिएको भूक्तानी आदेशको चेक खातामा पर्याप्त मौज्दात नरहेको भनी चेक अनादर भएको कुरामा विवाद छैन । यसरी आफ्नो खातामा पर्याप्त रकम नभएको कुराको जानकारी हुँदाहुँदै खाताको रकमले नखाम्ने गरी चेक काटिदिएको अवस्था हुँदा र उक्त विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७(क) मा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराई त्यस्तो चेक काट्ने व्यक्तिलाई सजायसमेत हुने व्यवस्था गरिएको हुँदा त्यस्तो गलत काम गर्ने व्यक्तिलाई सजाय र त्यस्तो गलत**

कार्यबाट पीडित व्यक्तिलाई आफूले पाउनु पर्ने रकम र ब्याजसमेत भराई लिन पाउने व्यवस्था भएको अवस्थामा प्रतिवादीबाट भएको उक्त कार्य विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७(क) अन्तर्गत नै पर्ने देखिन आयो । बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ मा यसप्रकारको कार्यबाट पीडित हुने व्यक्तिलाई राहत दिनेसम्बन्धी कुनै व्यवस्था भएको पाइँदैन ।यसप्रकारको कसूरलाई विनिमेय अधिकारपत्र ऐन, २०३४ अन्तर्गत राखेर कारवाही गरिएको खण्डमा पीडितलाई राहत दिने कार्य र कसूर गर्ने व्यक्तिलाई कैद तथा जरिवानासमेत हुने कार्यसमेत समेटिने देखियो" भनी तथा "मिति २०७३/०६/१८ मा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ मा पहिलो संशोधन हुँदा कसैले बैंक तथा वित्तीय संस्थाबाट रकम भुक्तानी माग गर्दा आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटिदिएमा बैकिंग कसुर हुने भनिएको छ । यस्तो कानूनी व्यवस्थाबाट कसैले आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटिदिई भुक्तानी माग्ने कार्य गरेबाट मात्र पनि बैंकिंग कसूर हुन्छ भन्ने व्यवस्था भएबाट निसन्देह उक्त कार्य बैंकिंग कसूर हो। यो संशोधन पछाडिको हकमा कानूनको द्विविधा हटाईएको अवस्था रहेको देखिन्छ तर मौजुदा कानून (विनिमेय अधिकारपत्र ऐन) मै काटिएको चेक भुक्तानीयोग्य नभई चेक अनादर भएमा त्यसको कानूनी दायित्व के हुने भन्ने स्पष्ट व्यवस्था भईसकेको अवस्थामा गल्ती गर्नेलाई सोही कसूरमा उल्लेख गरिएको कानूनी दायित्व सृजना हुने मानिनु पर्दछ । दुवै कानूनी व्यवस्थाको तुलनात्मक अध्ययन गरी पिडितको अधिक हक सुरक्षित हुने कानूनबाट न्याय निरुपण गर्नु श्रेयष्कर हुन्छ भन्ने कुरा माथि नै विवेचना गरिसकिएको छ। सुविधा सन्तुलनको हिसाबलेसमेत स्पष्ट कानूनी दायित्व किटिएको तत्कालको मौजुदा कानूनमा भएको उपचारको मार्गबाटै पिडितले बढी सुविधा प्राप्त गर्नसक्ने अवस्था हुँदाहुँदै पिडितको हक नै कुण्ठित हुनेगरी बैंकिङ्ग कसूर अन्तर्गत अभियोग लगाई सरकारवादी मुद्दाको रोहबाट हेरी इन्साफ गरिएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको प्रस्तुत मुद्दाको फैसला पुनरावेदनको रोहमा उचित मात्र

सकिएन । उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको उक्त फैसला माथि विवेचित आधार कारणबाट बदर हुन्छ" भनी भएको व्याख्या र उक्त फैसला पुनरावलोकनको रोहबाट यस इजलास समक्ष पेश भएकोमा अब विधायिकी मनशाय अनुरुप वैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को साविकको व्यवस्थामा संसोधन भई कृयाशिल रहेको कानूनी व्यवस्थाको रोहमा उपरोक्त व्याख्या, प्रचलित कानूनी व्यवस्था एवं पक्षहरूको दायित्व र पिडीतसँग उपलब्ध भएका उपचारहरुबारे विवेचना हुनु आवश्यक देखियो।

२२. पहिलो प्रश्नतर्फ विचार गर्दा, यस मुद्दामा बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को देहाय (ग) वा विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ को देहाय (क) को व्यवस्था मध्ये कुन व्यवस्था आकर्षित हुने भन्ने सन्दर्भमा सर्वप्रथम ती कानूनी व्यवस्थाहरूको विश्लेषण हुनुपर्ने देखिन्छ।

क. मिति २०३४।९।१८ देखि लागू रहेको विनिमेय अधिकारपत्र ऐन, २०३४ को प्रस्तावनामा बैकिङ्ग कारोबारलाई सुव्यवस्थित गर्नको लागि विनिमेय अधिकारपत्रको परिभाषा गर्न र तत्सम्बन्धी अन्य व्यवस्था गर्न सो ऐन बनाइएको भन्ने उल्लेख गर्दै दफा २ को देहाय (ज) मा **"चेक भन्नाले मागना साथ भुक्तानी दिनु भनी कुनै बैंक उपर खिचिएको"** भनी परिभाषित गरेको देखिन्छ। दफा २ को देहाय (छ) मा विनिमेयपत्रको परिभाषामा **"फलाना मितिमा वा यति अवधिपछि वा मागेका बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएकोलाई वा सो पत्र लिई आउनेलाई र यति रुपैयाँ दिनु भनी एकले अर्कोलाई बिना शर्त निर्देश गरी दस्तखत गरिएको लिखत सम्झनुपर्छ"** भन्ने उल्लेख भएबाट विना शर्त निर्देश गरी कुनै निश्चित मितिमा वा केही समयपछि वा मागेका बखत भूक्तानी गर्ने गरी समय तोकिएको तथा त्यसमा हस्ताक्षर भएको हुनुपर्ने पूर्वावस्था सम्मको आवश्यकता देखाइएको छ। ऐ. ऐनको दफा १५ मा चेक काट्ने व्यक्ति (ड्रअर) को दायित्व शिर्षक अन्तर्गत विनिमेय अधिकारपत्र स्वीकार गर्ने व्यक्ति वा भूक्तानी दिन

निर्देश गरिएको व्यक्ति (ड्रयी) बाट विनिमेय अधिकारपत्र अनादर भएको वा स्वीकार नगरिएको कुरा ड्रअरलाई रीतपूर्वक सूचित गरिएमा धारकलाई क्षतिपूर्ति गरिदिनु ड्रअरको कर्तव्य हुने व्यवस्था रहेको छ। यस्तै दफा १६ मा ड्रअरको पर्याप्त निक्षेप भएको अवस्थामा प्रस्तुत भएको चेक रीतपूर्वक छ भने त्यस्तो चेकको भूक्तानी बैंकले दिनुपर्ने र त्यस्तो भूक्तानी नदिएबाट ड्रअर वा रीतपूर्वकको धारकलाई हुनै हानी नोक्सानी भएमा बैंकले त्यस्तो क्षतिपूर्ति सोही ऐन बमोजिम दिनुपर्ने समेत व्यवस्था गरेको पाइन्छ। अर्थ सम्बन्धी केही नेपाल ऐन संशोधन ऐन, २०३९ द्वारा दफा १०७क. थप गरि **"बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैङ्क समक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैङ्कबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लेखित रकम र व्याज समेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ"** भन्ने व्यवस्था गरेपश्चात दफा १०८ मा उल्लिखित हदम्याद अर्थात कारण परेको मितिले ५ वर्षभित्र मुद्दा दायर गरी दफा १०७क. को व्यवस्था अनुरुप चेकको धारकले उपचार लिन पाउने र अनादर भएको चेक काटने व्यक्तिलाई सजाय समेत हुने व्यवस्था गरी पीडित व्यक्तिलाई उपचारको व्यवस्था गरिएकोमा यो व्यवस्था हालसम्म पनि यथावत रहेको देखिएको छ।

ख. विनिमेय अधिकारपत्र ऐन २०३४ को दफा १०७क. कृयाशिल रहेकै अवस्थामा मिति २०६३।०७।१९ मा प्रमाणिकरण भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा मिति २०६४।१०।२३ मा बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ प्रमाणिकरण भई लागू भएको देखिन्छ।तत्पश्चात बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ लाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले प्रतिस्थापन गरि मिति

२०७४।०१।१० मा प्रमाणिकरण भई लागू भएको छ। साबिकको बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को परिच्छेद २ बैकिङ्ग कसूर अन्तर्गत दफा ३ मा **अनधिकृत रूपमा खाता खोल्न वा रकम भुक्तानी माग गर्न नहुने** शिर्षक अन्तर्गत देहाय (ग) मा **"आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानीजानी चेक काटी भुक्तानी लिन वा दिन"** नहुने व्यवस्था रहेको थियो। सो व्यवस्थाका सम्बन्धमा *महेन्द्र प्रसाद यादवको जाहेरीले नेपाल सरकार वि. दुर्गा कार्की* [1]भएको वैकिङ्ग कसूर मुद्दाको प्रकरण ९ मा **" विनिमेय अधिकारपत्र ऐनमा चेक अनादर भन्ने शब्दलाई स्पष्टतः परिभाषित गरेको पाइएन। तथापि सो ऐनको दफा १०७क. ले चेक अनादर हुने अवस्था उल्लेख गर्नुका साथै सजाय समेत निर्धारण गरेको पाइयो।विशेषतः आफ्नो खातामा पर्याप्त रकम छैन भन्ने जान्दाजान्दै चेक काटी दिएको कारण धारकले सम्बन्धित बैंङ्कबाट भुक्तानी पाउन नसकेको अवस्थालाई चेक अनादरको रुपमा चित्रण गरिएको पाइन्छ ।वस्तुतः चेक अनादर ड्रअर र धारक अर्थात् व्यक्ति व्यक्ति बीच विनिमेयपत्र वा चेक काटी लिनुदिनु गरिएको कारोवारसँग सम्बन्धित देखिन्छ। यसमा धारकलाई झुक्यान वा नोक्सानमा पार्ने ड्रअरको नियत हुन सक्ने देखिन्छ। साथै चेक अनादर ठहर भएको अवस्थामा चेक काट्नेबाट धारकलाई चेकमा उल्लिखित रकम र सो को व्याजसमेत भराई तीन हजारसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुबै सजाय हुन सक्ने विनिमेय अधिकारपत्र ऐनको कानूनी व्यवस्था देखियो"** भनी तथा प्रकरण १० मा **"उपरोक्त दुबै कानूनी व्यवस्थाको तुलनात्मक अध्ययनबाट बैंङ्किङ्ग कसूर र चेक अनादरमा केही समानता समेत रहेको देखिन्छ। खासगरी दुबै बैंङ्किङ्ग कारोवारसँग सम्बन्धित विषय हुनुका साथै आफ्नो बैंक खातामा पर्याप्त रकम छैन भन्ने जान्दाजान्दै चेक काट्ने कार्य दुबै कसूरमा समान रुपमा अन्तर्निहित रहने देखिन्छ। तथापि बैङ्किङ्ग कसूर सीधै बैंङ्क वा वित्तीय कारोवार अर्थात वित्तीय प्रणालीलाई हानी नोक्सानी पार्नमा परिलक्षित देखिन्छ भने चेक अनादरको कुरा चेक प्राप्त गर्ने तेस्रो व्यक्ति अर्थात धारकलाई झुक्याउन वा हानी नोक्सानी पार्नमा लक्षीत देखिन्छ।। त्यस्तै**

[1] ने.का.प. २०७२, अंक ८, नि नं. ९४५२

बैंङ्किङ्ग कसूर कायम हुन चेकअनुसारको रकम भुक्तानी लिनुदिनु गरिसकेको हुनु पर्दछ तर चेक अनादरमा ड्रअरको खातामा पर्याप्त रकम नभएका कारण धारकले चेकमा उल्लेख भएबमोजिमको रकम सम्बन्धित बैंङ्कबाट भुक्तानी दिन नसकेको कारणबाट चेक सटही नभई अनादर हुन पुग्दछ। बैंङ्किङ्ग कारोवारलाई नै जोखिम पुर्‍याउने र वित्तीय प्रणालीप्रति परिलक्षित भएको कारणले बैंङ्किङ्ग कसूर गम्भीर प्रकृतिको कसूर हो भन्ने कुरा प्रस्तुत मुद्दा सरकार वादी भई चल्ने र सरकारी मुद्दासम्बन्धी ऐन,२०४९ को अनुसूचि १ मा पर्ने भन्ने दफा १८ को कानूनी व्यवस्थाबाट स्पष्ट हुन्छ। व्यक्तिप्रति लक्षित भएको कारण चेक अनादरको विवाद दुनियाँवादी फौजदारी मुद्दाको रुपमा चल्ने देखिन्छ। सारमा जानीजानी खातामा भएको भन्दा बढी रकमको चेक काटी हानी नोक्सानी पार्न खोजिएको पक्ष तथा रकम भुक्तानी भएको वा नभएको भन्ने आधार नै बैकिङ्ग कसूर तथा चेक अनादर छुट्याउने लक्ष्मण रेखा देखिएको हुँदा सोहीरुपमा बुझ्नु र ग्रहण गर्नुपर्ने हुन्छ। त्यसैले प्रस्तुत मुद्दा बैंकिङ्ग कसूर ऐन अन्तर्गत नपर्ने भनी अभियोग पत्र खारेज गर्ने गरेको पुनरावेदन अदालतको फैसला अन्यथा देखिएन" भनी व्याख्या भएको देखिन्छ।

ग. उर्पयुक्त कानूनी व्यवस्थाको आधारमा यस अदालतबाट उपर्युक्त बमोजिम व्याख्या भएपश्चात बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४मा मिति २०७३।६।१८ मा भएको पहिलो संसोधनबाट बैकिङ्ग तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैकिङ्ग तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैकिङ्ग तथा वित्तीय प्रणालीप्रति विश्वसनियता अभिवृद्धि गर्न वान्छनीय भएको भनी प्रस्तावना समेत संसोधन गरी ऐ. ऐनको दफा ३ को देहाय (ग) को साविक व्यवस्था परिवर्तन गरी **"आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटी दिन"** भन्ने उल्लेख भएबाट यस संसोधनले त्यस प्रकृतिको खाताको चेक काट्नु मात्रलाई पनि वैकिङ्ग कसूरको दायरामा समेटेको पाईयो। यो कसूर स्थापित हुन बैकबाट भुक्तानी लिने दिने कार्य सम्पन्न हुनु पर्ने अवस्थाको विद्यमानता संसोधन पश्चात आवश्यक

देखिदैँन। सो भएतापनि विनिमेय अधिकारपत्र ऐन २०३४ व्यक्ति-व्यक्ति बीचको कारोवारसँग सम्बन्धित रहेको र सो सम्बन्धमा कुनै कारणबस विवाद उत्पन्न भएमा सो ऐनमा उपचारको व्यवस्था गरिएको देखिन्छ। विनिमेय अधिकारपत्र ऐन २०३४ को दफा १०७क. को साविकदेखिको व्यवस्थालाई परिवर्तन, संसोधन वा खारेज नगरिएको कारण एकै प्रकृतिको कार्यमा एकातिर चेकको रकम प्राप्त गर्ने अधिकार राख्ने व्यक्तिसँग चेकको धारकले आफै वादी भई फौजदारी मुद्दाको रूपमा ऐ. दफा १०७क. बमोजिम दाबी लिई अदालतमा जान सक्ने वा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १८ बमोजिम सरकारवादी फौजदारी मुद्दाको दावी लिई कारवाही अगाडी बढाउन मिल्ने गरी प्रचलीत कानूनले दुईवटा उपचारको मार्ग जिवित राखिएको पाईयो।

२३. उपरोक्त कानूनी व्यवस्थाहरूबाट खातामा पर्याप्त रकम नभएको अवस्थामा जानीजानी चेक जारी गरिएकोमा दुई प्रकृतिका कानूनी उपचारको व्यवस्था रहेको पाईएमा के कसरी न्याय पर्न सक्छ भन्ने सम्बन्धमा विचार गर्दा "Principle of beneficial construction" समेत तर्फ ध्यान पुर्याउनु सान्दर्भिक हुन्छ। Maxwell on the Interpretation of Statute मा **"Principle of Beneficial Construction" is that sound rule of interpretation of beneficial legislation that in cases of ambiguity, the construction which advances the beneficial purpose should be accepted in preference to the one which defeats the purpose"** [२] भनी उल्लेख भएको देखिन्छ। यसबाट जुन कानून पीडितको हीतमा हुन्छ, त्यस्तो कानूनको अवलम्बन गर्दा सही न्याय हुने र पीडितको हितको बारेमा पीडित स्वतः जानकार रहने हुदाँ विधायिका निर्मित कानून अन्तर्गत कानूनी उपचारको बाटोको रोजाई पनि पीडितको हुने मान्यता रहेको पाईन्छ। विधायिकाबाट निर्मित कानूनको सम्बन्धमा *अधिवक्ता धनन्जय खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार समेत* भएको रिट निवेदनमा[३] **"संसदले**

[२] P.S.T. J.Langan, "Maxwell on the Interpretation of Statutes", Lexis Nexis, 18th Edition, pg 238

[३] ने.का.प २०६३, अंक ७, नि.नं ७७२७, विशेष इजलास

बनाएको ऐन हतपति र हल्कासंग अवैध घोषित गरिदैंन। समाजमा के कस्तो ऐन किन चाहिन्छ भन्ने कुराको ज्ञाता अदालत होइन, संसद अर्थात विधायिका हो । ऐन अवैध घोषित गर्ने नगर्ने संबन्धमा अदालत सकभर self- restrain मा रहनु पर्ने" भनी सिद्दान्त व्याख्या भएको **अदालत सकभर self-restraint मा रहनुपर्ने"** भनी सिद्धान्त प्रतिपादन भएको छ। सोही आदेशमा भारतको सर्वोच्च अदालतले *State of Bihar and others V. Bihar Distillary Limited*[४] को मुद्दामा स्थापित गरिएको सिद्धान्त पनि उल्लेख छ, जसमा भनिएको छ **"The court should try to sustain validity of the Act to the extent possible. It should strike down the enactment only when it is not possible to sustain it. The court should not approach the enactment with a view to pick holes or to search for defects of drafting much less inexactitude of language employed. Indeed any such defects of drafting should be ironed out as part of the attempt to sustain validity / constitutionality of the enactment. After all, an Act made by the legislature represents the will of the people and that cannot be lightly interfered with. The unconstitutionality must be plainly and clearly established before an enactment is declared void. The same approach holds good while ascertaining and purpose of an enactment of its scope and application."** शक्ति सन्तुलनको सिद्धान्त अवलम्बन गर्ने मुलुकमा विधायिकाद्वारा आफ्नो अधिकारको प्रयोग गरी बनाएको कानूनको वैद्यता परिक्षण गर्दा न्यायपालिकाले न्यायिक संयमता अपनाउने गरिएको हुन्छ। न्यायिक संयमताका सम्बन्धमा भारतीय सर्वोच्च अदालतले *S.S.Bola V.BD Sardara*[५]को मुद्दामा **"The courts however adopt judicial self restraint in discharging their functions of judicial review in order to maintain harmony between the Judiciary, the Legislature and the Executive. The power of judicial review of legislative**

[४] State Of Bihar & Ors. Etc. Etc vs Bihar Distillery Ltd. Etc ,AIR 1996, December 3, available at https://indiankanoon.org
[5] S.S. Bhola & Ors vs B.D. Sardana & Others, AIR 1997, July 11, available at https://indiankanoon.org

acts vested in the High courts and the Supreme Court must be exercised with wisdom and self restraint and not in a spirit of cold war between parliament of state legislature and court. Non interference with the view of the majority in parliament with regard to what is reasonable and interference with what is prohibited by the constitution may perhaps be harmonious path for peaceful transition for glorious future" भन्ने समेत व्याख्या गरेको देखिन्छ। यस्तै *ज्योति बानिया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यलिय, सिंहदरवारसमेत* भएको उत्प्रेषण परमादेश रिट[6] मा **"विधायिकाले के, कस्तो नीति कार्यान्वयन गर्ने, कस्तो ऐन निर्माण गर्ने भन्ने कुरा विशुद्ध विधायिकी क्षेत्र भित्रको विषय हुने। विधायिकी बुद्धिमताको प्रयोग गरी विधि र प्रक्रियाबमोजिम निर्माण गरेको ऐनलाई संविधान अनूकूल नै रहेको अनुमान गर्नूपर्ने"** भनी सिद्धान्त प्रतिपादन भएको पनि देखिन्छ। यस्तै *शिवम सिमेन्ट लि. का तर्फबाट रघुनन्दन मारू वि. नेपाल विद्युत प्राधिकरण समेत*[7] भएको उत्प्रेषणको आदेशमा संयुक्त इजलासबाट **"विधायिका निर्मित कानून एकापसमा बाझिएमा वा एउटै विषयमा फरक फरक प्रावधान भई कुन कानून लागू हुने भन्ने द्विविधाजनक अवस्था सिर्जना भएमा विधायिकाले नै स्पष्ट शब्दमा प्राथमिकताक्रम तोकिदिएको रहेछ भने सोही प्रावधान लागू हुन्छ। यदि नतोकिएको भए पछिल्लो कानून मान्य हुन्छ भन्ने कानून व्याख्याको सर्वस्वीकृत सिद्धान्त रही आएको पाइने"** भनी भएको व्याख्यामा असहमति जनाउनु पर्ने पनि कारण देखिदैंन। यसबाट पछि आएको कानूनको निर्माण गर्दा विधायिकाले कुनै दुरगमी सोच राखी त्यस प्रयोजनका लागी कुनै कानून निर्माण गरेमा र त्यस्तो पछिल्लो कानून असँवैधानिक घोषित नभएसम्म नयाँ कानूनले प्राथमिकता पाउने नै हुन्छ।

२४. कानूनले उपचारका फरकफरक मार्गको व्यवस्था गरेको सन्दर्भमा नेपाल कानून व्याख्या सम्बन्धी ऐनको दफा २५मा **"दुई वा दुईभन्दा बढी ऐन मुताविक गरेमा वा नगरेमा कसूर मानिने काम रहेछ भने कसुरदारलाई ती मध्ये**

---

[6] ने.का.प. २०७६, संवैधानिक इजलास खण्ड, भाच २, अंक १, नि. नं ००१३ (०७४-WC-००१३)

[7] ने.का.प. २०७६, अंक ४, नि.नं १०२३२

कुनै एक ऐन बमोजिम सजाय हुन्छ तर एकपटक सजाय पाईसकेपछि सो कसूरमा दोस्रो पटक सजायको भागी हुदैंन" भन्ने व्यवस्थाले समेत दुई कानूनी उपचार विद्यमान भएमा कुनै एक कानूनबाट कारवाही गर्न सकिने गरी पक्षको रोजाईलाई समेत स्वीकार गरेको देखिन्छ। यस्तै ऐ. ऐनको दफा २७ को देहाय (क) ले संशोधन वा खारेज नभएसम्म प्रचलित कानून कायम रहनेछ भन्ने व्यवस्था रहेको पनि देखिन्छ। कानूनको प्रयोगको सम्बन्धमा *राष्ट्रिय वाणिज्य बैंकको पत्रले श्री ५ को सरकार वि. विमलकुमार थापासमेत*[८]भएको मुद्दामा **"कानूनले दुई बाटो गरेको रहेछ भने मर्का पर्ने वा कारवाही गर्न अधिकार प्राप्त निकायले जुन ऐनको सजाय मागदावी गर्न उपयुक्त ठान्दछ सोही अनुसार दावी गर्न पाउने"** भन्ने व्याख्या भएको पनि देखिएको छ। यसका साथै, सोही मुद्दामा **"देवानी र फौजदारी प्रकृतिको छुट्टाछुट्टै नालेश लिनुपर्नेमा एउटै लिएको अवस्थामा एउटा दावी रोज्न पाउने बाहेक अदालतलाई दावी भन्दा बाहिर गएर अर्को ऐनको बाटोबाट आउनुपर्ने भनी निर्णय गर्दा कानूनी व्यवस्थाको समेत त्रुटी हुने"** भन्ने सिद्धान्त प्रतिपादन भएको पनि देखिन्छ। कानूनले जब उपचारका दुईवटा मार्ग पीडितलाई प्रदान गरेको हुन्छ, भने सो मध्ये कुनै मार्ग अवलम्वन गर्ने स्वतन्त्रता पीडितलाई हुन्छ। सो कुरालाई यस अदालतले स्वीकार गरी आएको पनि छ।

२५. एकातिर बैक तथा वित्तिय संस्थामा सरकार र सरकारी निकायको नियमनकारी भूमिका रहने र अर्कोतर्फ निक्षेपकर्ताको रकम समेत सुरक्षित रहने विश्वास सर्वसाधारणमा रहेको हुँदा यस्ता बैक वा वित्तिय संस्था उपरको विश्वासमा प्रतिकूल प्रभाव पार्ने कार्यलाई सामान्य रूपमा हेर्न सकिदैंन। बैकिङ्ग कसूर भन्नाले त्यस्ता बैक वा वित्तीय संस्थालाई आर्थिक हानी नोक्सानी हुने कार्यका साथै बैंक प्रतिको आस्था र विश्वासमा खलल पुग्ने एवं देशको समग्र वित्तीय प्रणालीमै नकारात्मक असर पार्ने प्रकृतिको कार्य हो। यस सम्बन्धमा बैकिङ्ग

[८] ने.का.प. २०६२, अंक ५, नि.नं. ७५३४

कसूर तथा सजाय ऐन, २०६४ को परिच्छेद २ ले विशेष व्यवस्था गरेको छ। बैकिङ्ग कसूर सम्बन्धी मुद्दा नेपाल सरकारवादी हुने मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को अनुसूची १ अन्तर्गतको मुद्दा हो। उल्लिखित विषयलाई बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को देहाय (ग) ले अपराधिकरणको स्वरूपमा व्यवस्था गरी सोही ऐनको दफा १५को उपदफा(१) ले सजायको व्यवस्था गरेकोबाट विधायिकाले यस्ता प्रकारका कार्यलाई गम्भिर रूपमा लिएको देखिन्छ। चेक कारोबारको विषय दुई व्यक्तिबीच मात्र सीमित हुँदैन, बैक वा वित्तीय संस्थाको खातामा रकम नभएको जानी जानी चेक काटिदिने कार्यले दुई व्यक्तिबीचको सम्बन्ध मात्र नभई बैंक तथा वित्तीय संस्थाको आस्था र विश्वसनियतालाई पनि प्रभाव पार्ने सम्बन्धमा फरक मत राख्नु पर्ने अवस्था छैन।

२६. उपर्युक्त कानूनी व्यवस्थाहरूको परिप्रेक्षमा प्रतिवादी निर्मला सोडारीद्वारा उक्त कानूनको उल्लंघन गरेको हो वा होइन भन्ने विषयतर्फ विचार गर्दा निज प्रतिवादीद्वारा बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को देहाय (ग) ले निषेध गरेको कार्य गरेको होईन भन्न सकिने अवस्था छैन। बैंक खातामा रकम नभएको जानी जानी पनि चेक काटिदिने कार्यले Actus Reus पुष्टि गर्दछ। कसूर स्थापित हुनुमा Actus Reus का साथै Mens Rea हुनु पनि आवश्यक हुन्छ। आफूले एउटा चेक मात्र दिएको भनी जिकीर लिएतापनि दुवै चेकमा भएको हस्ताक्षरहरू आफ्नै हो भनी प्रतिवादीले स्विकार गरेका छन्। खातामा पर्याप्त रकम नभएको जानकारी आफूलाई थिएन भन्ने प्रतिवादीको जिकीर छैन। यसरी खातामा पर्याप्त रकम नभएको जानी जानी चेक काटेबाट प्रचलित कानून लगायत देशको अर्थनीतिलाई सुशासनको परिधिमा राख्न जारी गरिएको नियमनकारी निकायको नीति, निर्देशन एवं कार्यविधि अनुकूल कार्य नभएको सम्बन्धमा विवाद छैन। प्रतिवादी निर्मला सोडारीले आफूले काटेको चेकबाट तिर्नुपर्ने रकम तिर्ने प्रयत्न गरेको नदेखिएबाट आफ्नो दायित्वबाट नै

पन्छिन खोजेको कुरा पुष्टि भइरहेको अवस्थामा कानूनी दायित्व बहन गर्न नपर्ने भन्न सक्ने अवस्था रहेन।

२७. अब, वादी नेपाल सरकारको पुनरावलोकनको निवेदन जिकीर पुग्न सक्छ वा सक्दैन भन्ने तर्फ विचार गर्नुपर्ने देखियो।फौजदारी कानूनको मुख्य उद्देश्य पीडितले न्याय पाउनु हो। कसूर गरेबापत कानूनी दायरामा ल्याउँदा कसूरदारले सजाय पाउने मात्र होइन फेरी कसूर गर्नबाट रोक्नु पनि हो। कानूनको उपचारमा हदम्याद समाप्तिसँगै उपचारको पनि समाप्ति हुन्छ। चेक अनादर सम्बन्धि दुई कानूनहरु विचार गर्दा बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १७ मा एक वर्षको हदम्याद प्रदान गरेको छ भने विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०८ ले पाँच वर्षको हदम्याद प्रदान गरेको देखिन्छ। यो व्यवस्थाबाट यदि कारणवश एक वर्षभित्र नेपाल सरकार वादी भई मुद्दा दायर नभएको अवस्थामा पनि एक वर्ष नाघेपनि पाँच वर्षसम्म विनिमेय अधिकारपत्र ऐन अन्तर्गत पिडीत आफैले पनि मुद्दा दायर गरी कसूरदारलाई कानूनी दायरामा ल्याउन र आफ्नो आर्थिक अधिकार सुरक्षित राख्न सकिने देखियो।यसबाट पनि पिडीतले न्याय पाउने सम्बन्धमा विधायिकाले वैकल्पिक व्यवस्थालाई निरन्तरता दिएको अवस्था देखिन आउँदा वादी नेपाल सरकार समक्ष जाहेरी दरखास्त लिई आउने पिडीत जाहेरवालाको जाहेरी व्यहोराका आधारमा प्रचलित कानून बमोजिम कारवाही अगाडी बढाउनु सम्बन्धित निकायको कर्तव्य भित्रको विषय देखिन आयो।यस प्रकार क्रियाशिल रहेको कानूनी प्रावधानहरू मध्य पिडीत पक्षले अवलम्बन गरेको बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को कार्यविधिलाई अमान्य वा वदर घोषित गर्न सकिने अवस्था नदेखिंदा उक्त ऐन अन्तर्गत परेको जाहेरीको माध्यमबाट दायर भएको अभीयोग दावी खारेज हुने भनी भएको मिति २०७६।०३।०९ को संयुक्त इजलासको फैसलासँग सहमत हुन सकिएन।

२८. पिडीत पक्षसँग उपलब्ध कानूनी उपचारको मार्ग अवलम्बन गरी आफूले चेक बापत बैक मार्फत पाउने रकमनै त्यस्ता पिडीत पक्षको आर्थिक हित स्थापित

गरिने माध्यम हुँदा, त्यस्तो आर्थिक दृष्टिकोणबाट यस प्रकृतिका मुद्दामा सरकार वा बैक वा वित्तीय संस्थालाई प्रत्यक्ष आर्थिक हानी नोक्सानी नहुने र पिडीत पक्षको स्वार्थ पनि आर्थिक विषयमा केन्द्रित रहने भएकोले पिडीतले छिटो, छरितो तथा सरल प्रकृयाबाट उपचार प्राप्त गर्न सक्ने कार्यविधिलाई कानूनले समेत प्राथमिकता दिएको छ। मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा ३ को उपदफा (२) मा मुद्दा हेर्ने निकाय समक्ष दायर भएको वा नभएको प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने विवादलाई पक्षहरूले मेलमिलापद्वारा सामाधान गर्न चाहेमा मेलमिलापको माध्यमबाट उपचार प्रदान गर्न सकिने व्यवस्था गरेबाट विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. अन्तर्गत दायर मुद्दामा समेत मिलापत्र हुन सक्ने कानूनी प्रावधान रहेको देखिएको र मुलुकी फौंजदारी कार्यविधि संहिता, २०७४ को को दफा ११७ मा मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संसोधन गर्ने ऐन, २०७५ द्वारा संसोधन गरी अनुसूची ३ र ४ अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा मुद्दाका पक्षहरूको मन्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिने र सो को अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्ति हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पिडित दुवैले मिलापत्र गराई पाउँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारवाही हुँदा त्यस्तो व्यहोरा मनासिव लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने व्यवस्था गरेबाट हालको अवस्थामा चेक अनादर वा भूक्तानी हुन नसकेको चेकको विषयमा पनि "Principle of Compoundability" लाई अवलम्बन गरिएको महशुस भएको छ। प्रस्तुत फैसलाको कार्यान्वयन गर्दा पक्षहरूको पहलमा नेपाल सरकारतर्फ पनि हाल प्रचलित मिलापत्रको लागि स्विकृति दिने प्रकृया अपनाउन सकिने नै हुदाँ सो तर्फ केही बोल्नुपर्ने अवस्था देखिदैंन।तर अदालतसमक्ष बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत कुनै विवाद आउँछ भने उचित अनुचितको कसीमा भन्दा पनि प्रचलित ऐन कानूनको परिधिभित्रै रही निरोपण गर्नुपर्ने हुँदा यी प्रतिवादीले काटेको चेक

अनादर भएका दिन लागू रहेको कानूनहरु मध्ये पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्न सक्ने अवस्था देखिदैंन।

२९. अतः प्रस्तुत मुद्दामा दुईवटा चेक मध्ये पहिलो चेक काटेको कुरा र दोस्रो चेकमा भएको दस्तखत आफ्नो हो भन्ने कुरालाई प्रतिवादीले स्वीकार गरेको र खातामा रकम नरहेको भन्ने कुरा बैंकबाट प्रमाणित भैरहेको अवस्थामा प्रतिवादीको कार्य बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को विपरित देखिँदा विनिमेय अधिकारपत्र ऐन, २०३४ अन्तर्गत फिराद गर्नुपर्ने भनी अभियोगदावी नै खारेज गरेको यस अदालतको संयुक्त इजलासको मिति २०७६।३।९ को फैसला अभियोग दावीमा सिमित रही फैसला गर्नुपर्ने न्यायको मान्य सिद्धान्त अनुरुप नदेखिएकोले सो फैसला कायम रहन सक्ने नदेखिँदा उल्टि भै प्रतिवादी निर्मला सोडारीलाई बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसूरमा सोही ऐनको दफा १५ को उपदफा १ बमोजिम एक महिना कैद तथा रू १८,८५,०००।— जरिवाना हुने र जाहेरवालाले सो बमोजिमको विगो समेत प्रतिवादीबाट भराई लिन पाउने ठहराई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।३।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। खातामा पर्याप्त रकम नरहेको जानी जानी चेक काटेको अवस्थामा बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग)को व्यवस्थाले कसूर मानिएको भएपनि बैंक तथा वित्तीय संस्थाबाट त्यस्ता चेक वापत रकम भुक्तानी नलिएको रकमको लेनदेन चेक जारीकर्ता र चेकको धारकबीचको आपसी आर्थिक सम्बन्धसँग सरोकार राख्ने विषय भएको हुँदा त्यस्तो विषयमा नेपाल सरकारबाट समेत पक्षहरूबीच छिटो, छरितो र सरल प्रकृयाबाट न्यायको अनुभूति दिलाउन मिलपत्र गराउन सकारात्मक धारणा राखिएको सन्दर्भमा प्रस्तुत फैसलाको कार्यान्वयन गर्दा समेत पक्षहरूको पहलमा नेपाल सरकारको तर्फबाट पनि हाल प्रचलित मिलापत्रको लागी स्वीकृति दिने प्रकृया अपनाउन सकिने नै हुँदा सो तर्फ थप केही बोल्नुपर्ने अवस्था देखिँदैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी

फैसला विद्युतिय प्रणालीमस अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

न्यायधीश

उक्त रायमा हामी सहमत छौं।

न्यायधीश न्यायधीश

इजलाश अधिकृत :–मोहन सुवेदी

शाखा अधिकृतः- सिम्रन नापीत

कम्प्यूटर टाईप गर्ने :–विकेश गुरागाई

इति सम्वत् २०७९ साल वैशाख २२ गते रोज ५ शुभम्......................।